# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४५) काठमाडौं,पुस १७ गते २०५२साल(अतिरिक्ताङ्क ३६(ग+१)

## भाग ४

श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०५२।९।१७ को निर्णयानुसार नेपालको वैदेशिक व्यापारमा विद्यमान असन्तुलन एवं विसंगतिहरू हटाइ निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउन देहायबमोजिमको अध्यक्ष तथा सदस्य रहेको निर्यात प्रवर्द्धन समिति गठन गरी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकेको छ ।

१. निर्यात प्रवर्द्धन समितिको गठन

(क) माननीय मन्त्री, वाणिज्य मन्त्रालय — अध्यक्ष

(ख) माननीय सहायक मन्त्री, वाणिज्य मन्त्रालय — सदस्य

(ग) माननीय सदस्य, राष्ट्रिय योजना आयोग (वाणिज्य हेर्ने) — सदस्य

(घ) सचिव अर्थ मन्त्रालय — सदस्य

(ङ) सचिव, उद्योग मन्त्रालय — सदस्य

(च) सचिव, वाणिज्य मन्त्रालय — सदस्य

(छ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ — सदस्य

(ज) श्री ५ को सरकारले तोकेको वस्तुगत संघका अध्यक्षहरू, निर्यात प्रवर्द्धनमा सहयोग गर्ने अन्य निकायका प्रतिनिधिहरू, वाणिज्य परिषद्का अन्य सदस्यहरू र निर्यात क्षेत्रको विकासमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरू मध्येबाट बढीमा ८ (आठ) जना — सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) कार्यकारी निर्देशक, व्यापार प्रवर्द्धन केन्द्र — सदस्य

(ञ) सह-सचिव, वाणिज्य मन्त्रालय, वैदेशिक व्यापार महाशाखा — सदस्य-सचिव

२. **समितिको काम, कर्तव्य तथा अधिकार**

(क) आर्थिक वर्ष २०५१।०५२ मा निर्यात प्रवर्द्धनको लागि विनियोजित रकम र श्री ५ को सरकार र अन्य स्रोतबाट समय-समयमा समितिलाई उपलब्ध हुने रकम निर्यात प्रवर्द्धन कोषको नाममा जम्मा गर्ने ।

(ख) एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी बचेको रकम अर्को आर्थिक वर्षमा फ्रिज नभई खर्च गर्न पाउने ।

(ग) खण्ड (क) बमोजिमको कोषमा जम्मा भएको रकम खर्च गर्ने, निर्यात प्रवर्द्धनात्मक कार्यक्रम स्वीकृत गर्ने र स्वीकृत कार्यहरू कार्यान्वयन गर्ने तथा कोष संचालन गर्ने ।

(घ) समितिले कोषको कार्य संचालनको लागि आफ्नो कार्यविधि र कार्यसंचालन नियम आफै बनाउनेछ ।

(ङ) कोषबाट खर्च भएको रकम श्री ५ को सरकारको स्वीकृत लेखा प्रणाली बमोजिम राख्ने र महालेखा परीक्षकको विभागबाट लेखापरीक्षण गराउने ।

३. **समितिको सचिवालय**

समितिको सचिवालयको काम वाणिज्य मन्त्रालयले गर्नेछ ।

४. **सम्पत्ति तथा दायित्व सर्ने**

खण्ड ४५ अतिरिक्ताङ्क २ (च) मिति २०५२।१।२५ नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचना अनुसार गठित निर्यात प्रवर्द्धन कोषको सम्पत्ति तथा दायित्व यसै समितिमा सर्नेछ ।

५. खण्ड ४५ अतिरिक्ताङ्क २(च) मिति २०५२।१।२५ नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको निर्यात प्रवर्द्धन कोष स्थापनासम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,

मोहनदेव पन्त

श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०४